दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ८५ | बुटवल | २०८१ चैत ०९, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Mar. 22, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं।**
-अपाङ्गता भएका व्यक्तिको मानव अधिकार सुनिश्चित गरौं।
-अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं।
-सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं।
-सार्वजनिक विद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं
-अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


# फुटपाथमा पार्किङले अस्तव्यस्त

**मोहम्मद हबिब**
*भैरहवा*

फुटपाथलाई पार्किङको रूपमा प्रयोग गरेर भैरहवालाई कुरुप बनाइएको छ। पैदययात्रु हिंड्ने फुटपाथ पार्किङ् बन्दा पर्यटकीय नगर सिद्धार्थनगर अस्तव्यस्त भएको छ।

भैरहवाको बुद्धचोकदेखि बर्मेली टोलसममको पश्चिमतर्फको सर्भिस रोड पार्किङ् निषेध गराई फुटपाथमा पार्किङ् गराइएको छ। सर्भिस रोडमा पार्किङ निषेध गरेर फुटपाथमा पार्किङ् गर्दा प्रहरी र नगरपालिका रमिते बनेका छन्।

सिद्धार्थनगर नगरपालिकाले केही दिनदेखि नगरप्रहरीको प्रयोग गर्दै सिद्धार्थनगरको सडकपेटी अतिक्रमणलाई हटाउने अभियान चलाएको भएपनि पार्किङ् हटाउन बेवास्ता गरेको छ। नगरपालिकाले फुटपाथलाई व्यवस्थित गरी पैदलयात्रुको सहजताका लागि भन्दै चलाएको अभियानप्रति प्रश्न उठ्ने गरी फुटपाथ पार्किङ्लाई बेवास्ता गरेको हो। भैरहवाको मुख्य बजार बैंकरोड, गल्लामण्डी, मैत्रीपथ, नयाँ सडक, नारायणस्थान लगायतकासडकहरुमा दैनिक नगरप्रहरीले फुटपाथ खाली गराउँदै सडकमा राखेका सामान नियन्त्रणमा लिएका छन्।

फुटपाथसहित सर्भिस रोडमा समेत जथाभावी पार्किङ् गर्दा पैदल यात्रीलाई समस्या भएको सामाजिक अगुवा विजय सागर श्रेष्ठले बताए। यसरी जथाभावी पार्किङ गर्दा र एउटा लेनमा चल्नुपर्ने साधन उल्टो लेनमा चल्दा दुर्घटनाको जोखिम धेरै भएको उनले बताए।

सिद्धार्थनगर बैकरोडका व्यवसायीहरुले नगरप्रहरीले ज्यादती गरेको बताएका छन्। दादागिरी शैलीमा फुटपाथको मात्रै होइन पसल भित्रको सामान पनि गाडीमा हालेर लगेको गुनासो गरेका छन्। झ्यामझुमे सामान उठाएर गाडीमा हालिएको छ यो गलत ढंगले नगरप्रहरीहरु लागेको व्यवसायीहरुले बताएका छन। उनीहरुले के के सामान लग्यो भन्ने पनि आफुहरुलाई थाहा नभएकोले जरिवाना पछि कसरी चिनेर ल्याउने भन्ने पनि दुविधा भएको बताए।

**टर्न निषेधमा गाडी सरररर....**

भैरहवामा प्रवेश निषेध गरेको क्षेत्रमा सवारीसाधन निरन्तर प्रवेश गर्दा समेत ट्राफिक प्रहरी मुकदर्शक भई बसेको छ। भैरहवाको बर्मेली टोलमा जिल्ला ट्राफिक प्रहरी कार्यालयले उत्तरतर्फ जाँदा दायाँ टर्न निषेध गरेको छ। ट्राफिक व्यवस्थापनका लागि डिभाइडर हटाएर राखिएको बुद्धचोकबाट आउने सवारीसाधनलाई सजिलै नारायण पथ र दाया सर्भिस रोड जाने सहजताका लागि उक्त टर्न खोलिए पनि त्यसको विपरित दिशाबाट गएको सवारीसाधन पनि सहजै त्यो बाटोको प्रयोग गरिरहेको छ।

सबैले देखिने गरी राखिएको ट्राफिक चिन्हलाई बेवास्ता गर्दै आम सर्वसाधरण गलत बाटो प्रयोग गरिरहेका छन्। प्रवेश निषेधको चिन्ह लाई नजरअन्दाज गरि सवारीसाधन आवगमनले दुर्घटनाको उच्च जोखिम छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयले टर्न खोल्दा केही समय प्रहरी खटाएपनि अहिले ट्राफिक प्रहरीको डयुटी नै



हटाइएको छ।

२४ घण्टा बल्ने ट्राफिक लाइट सधैं बिरामी

यस्तै भैरहवा क्षेत्रको राजमार्गमा ट्राफिक व्यवस्थापनका लागि बुद्धचोक र देवकोटा चोकमा रहेको ट्राफिक लाइट नियमित रुपमा नचल्दा दुर्घटनाको उच्च जोखिममा छ।

स्वचलित रुपमा २४ घण्टा बल्नुपर्ने ट्राफिक बत्ती कहीले बल्ने र कहिले नबल्दा चालकहरु झुक्किएर झन दुर्घटनाको जोखिम बढेको छ। ट्राफिक लाइटले काम नगर्दा ट्राफिक व्यवस्थापन स्वचालित नहुने र चालक आफ्नै सुरमा गाडी हाक्ने गरेका छन। बेलाबखत सडकमा भएको ट्राफिक प्रहरीले हातको इशाराले संकेत गरे पनि ड्युटीमा भएको प्रहरी पनि छेउमा मोबाइल चलाउँदै र कुराकानीमै मस्त हुन्छन्।

**पार्किङको अभावले समस्या**

भैरहवामा सडकचाप बढेपनि पार्किङ्को अभाव रहेको छ। सडकमा सवारी साधनको चाप दिन प्रतिदिन बढ्दै गए पनि पार्किङ् स्थलको व्यवस्थापन हुन नसक्दा भैरहवा अस्तव्यस्त हुँदै गएको छ।

जिल्ला ट्राफिक कार्यालयलले नगरपालिका र व्यवसायिक संघ संस्थाको समन्वयमा सडकको एकातर्फ पार्किङ् स्थल तोके पनि बढ्दो सवारीसाधनको चापले गर्दा सर्वसाधरणका साथै बजार गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई समेत सास्ती खेप्नु परेको छ।

भैरहवाको मुख्य बजार बैंकरोड, मिलनचोक, नारायण पथ, गल्लामण्डी, आवा रोड लगायतका क्षेत्रमा पार्किङ् स्थल अभावको मुख्य मारमा मोटरसाइकल र कार धनीहरु परेका छन्।

काम विशेषले कहि कतै जान पर्ने भयो भने मुख्य बजारमा पार्किङ गर्ने ठाउँ नै पाइदैन। स्थानीय निकायले पनि आवश्यक पार्किङ स्थलको छनोट गरी व्यस्थापन गर्नुपर्नेमा चासो नदिदा नगर नै अस्तव्यस्त बन्दैछ।

राज्यले सवारी गुडाए वापत हजारौं कर लिन्छ तर सडम मर्मत तथा बिस्तारमा खासै ध्यान दिदैन, नगरपालिकाले पनि घर बनाउन नक्सा पास गर्छ पसलको दर्ता गर्छ तर कही कतै पार्किङ्गको बारेमा सोच्दैन त्यही कारणले पनि पार्किङ्गमा समस्या आउने गरेको छ।

रुपन्देहीको भैरहवामा यि मात्रै होइनन नम्बर प्लेट अस्पष्ट भएको छरपस्ट देखिन्छ, हाइवेमा इरिक्सा, भन्सार र सुविधा विनाका भारतिय गाडीको निर्वाध प्रयोग, बसपार्कबाट छुट्नु पर्ने गाडी चोक र सर्भिस रोड बसपार्कको रुपमा परिणत जस्ता कार्यले भैरहवामा ट्राफिक प्रहरी नै नभएको अनुभूति भइरहेको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयले रुपन्देहीका निमित्त प्रमुख वरिष्ठ सई ज्ञानेन्द्र शर्माले समग्र ट्राफिक व्यवस्थापनका लागि नियमित रुपमा चेकजाँच र नियम विपरीत गरेकालाई कारावहीको दायरामा ल्याएको बताए।

हाइवेमा चल्ने इरिक्सा र भन्सार विना आएका विधुतीय गाडीहरुलाई कारबाहीको दायरामा ल्याएका छौं, हिजो मात्रै ४५ वटालाई कारबाही गरेका छौं भने, फुटपाथमा भएको पार्किङ्को विषय केही दिनमा समाधान हुने बताए।

» बाँकी ३ पेजमा

# राष्ट्रिय दल बन्न कडा प्रावधान

बुटवल। निर्वाचन आयोगले दलहरूले राष्ट्रिय मान्यता पाउने मापदण्डलाई कसिलो बनाउनुपर्ने प्रस्ताव गरेको छ। राजनीतिक दलसम्बन्धी ऐनको संशोधन विधेयकको मस्यौदामा आयोगले हालको व्यवस्थामा थप दुई वटा सर्त अघि सारेको हो।

हाल समानुपातिक निर्वाचनमा सदर मतको ३ प्रतिशत मत पाउने र एउटा निर्वाचन क्षेत्रमा प्रत्यक्ष निर्वाचित दलले राष्ट्रिय मान्यता पाउँछ। आयोगले तीन प्रतिशतको व्यवस्था यथावत राखेर तीनवटा प्रदेशबाट कम्तीमा एक/एक सिट जित्नैपर्ने सर्त राखेको हो।

आयोगले अब राष्ट्रिय मान्यता पाउन दलहरूलाई चारवटा सर्तहरू तोकेको छ। पहिलो, समानुपातिक निर्वाचनमा सदर मतको तीन प्रतिशत मत पाएको हुनुपर्नेछ। दोस्रो, प्रत्यक्षतर्फ कम्तीमा ७० प्रतिशत सिटमा उम्मेदवारी दिएको हुनुपर्नेछ। तेस्रो, तीन फरक प्रदेशबाट कम्तीमा एक/एक सिट प्राप्त गरेको हुनुपर्नेछ। चौथो, केन्द्रीय, प्रदेश, जिल्ला र स्थानीय तहमा कम्तीमा ८० प्रतिशत स्थानीय समिति रहेको हुनुपर्ने सर्त राखिएको छ।

आयोगले दुई वा बढी दल मिलेर एकल चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्न पाउने व्यवस्था हटाएको छ। त्यससम्बन्धी व्यवस्था रहेको राजनीतिक दलसम्बन्धी ऐनको दफा ४९ खारेज हुनुपर्ने आयोगको प्रस्ताव छ। राष्ट्रिय दल बन्न ८० प्रतिशत सिटमा उम्मेदवार मनोनयन हुनैपर्ने व्यवस्थाले दलहरूबीचको गठबन्धनलाई निरुत्साहित गर्न खोजेको देखिन्छ। आयोगले स्वतन्त्र रूपमा निर्वाचित जनप्रतिनिधिहरू आफ्नो पदावधिभरि राजनीतिक दलमा प्रवेश गर्न नपाउने नयाँ व्यवस्था प्रस्ताव गरेको छ। राजनीतिक दलसम्बन्धी ऐनको संशोधन विधेयकको मस्यौदामा स्वतन्त्र निर्वाचित जनप्रतिनिधिहरू दलमा प्रवेश गरेमा ऊ निर्वाचित पद स्वतः रिक्त हुने व्यवस्था गरेको हो।

हालको निर्वाचन कानुनमा स्वतन्त्र निर्वाचित जनप्रतिनिधिहरूले कुनै दलको सदस्यता लिएमा त्यस्ता व्यक्ति स्वतः त्यो दलको जनप्रतिनिधि बन्थ्यो। संघीय वा प्रदेश सांसद सदस्यहरू सदस्यता लिने दलको संसदीय दलको सदस्थ बन्थे।

अब भने त्यो अभ्यास परिमार्जन गरेर आयोगले दल प्रवेश हुनासाथ उनीहरू निर्वाचित भएको पद रिक्त हुने व्यवस्थाको प्रस्ताव गरेको हो। यो प्रस्ताव संघीय संसद्बाट पारित भएमा स्वतन्त्र निर्वाचित सांसदहरू पदावधिभरि अरू दलको सदस्य बन्न पाउने छैनन्।

निर्वाचन आयोगले कुनै पनि दल आयोगमा दर्ता भएर निर्वाचनमा भाग नलिए दर्ता खारेज हुने व्यवस्था थपेको छ। उसले विदेशमा स्थायी आवासिय अनुमति पाएको व्यक्तिलाई दलको सदस्य हुन नपाउने व्यवस्था प्रस्ताव गरेको छ।

आयोगले नयाँ दल दर्ता गर्दा पाँच सय मतदाताको सदस्यता बुझाउनुपर्ने हालको व्यवस्था यथावत राखेको छ। तर अब त्यसरी सूची बुझाउँदा एक तिहाइ महिलाको नाम अनिवार्य गर्नुपर्ने भएको छ भने अन्य समुदायको पनि प्रतिनिधित्व गराउनुपर्ने प्रस्ताव छ।

हालको राजनीतिक दलसम्बन्धी ऐनमा कम्तीमा २१ सदस्यीय केन्द्रीय समितिको व्यवस्था थियो, केन्द्रीय सदस्यको अधिकतम संख्या तोकिएको थिएन। प्रस्तावित मस्यौदामा ३५१ जना भन्दा बढी केन्द्रीय सदस्य राख्न नहुने व्यवस्था प्रस्ताव गरेको छ। आयोगले दलहरू एकीकरण भएमा एक वर्षभित्र महाधिवेशन गर्नुपर्ने प्रस्ताव गरेको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले कुनै दलबाट निर्वाचित जनप्रतिनिधिले दल त्याग गरेमा ऊ निर्वाचित भएको पद स्वतः खाली हुने व्यवस्थालाई यथावत राखिएको बताए। तर कुनै दलको ४० प्रतिशत केन्द्रीय सदस्यले छुट्टै पार्टी खोलेमा भने उनीहरूको पद कायम हुनेछ। यसअघि पटक-पटक बारम्बार यही व्यवस्था संशोधन गरी दलहरूले अध्यादेशबाट पार्टी फुटाउने र नयाँ दललाई मान्यता दिने काम गरेका थिए।

निर्वाचन आयोगले निर्वाचन खर्च र दल सञ्चालनका लागि राज्यकोषबाट रकम उपलब्ध गराउने प्रस्ताव पनि गरेको छ। त्यसका लागि छुट्टै ऐन निर्माण हुनुपर्ने आयोगको प्रस्ताव छ।

# क्रान्तिका लागि तयार बनौं : रवि



काठमाडौं। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले क्रान्तिका लागि समय आउँदै गरेको र त्यसका लागि तयार रहन अपिल गरेका छन्। शुक्रबार उच्च अदालत पाटन परिसरमा सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिने क्रममा सभापति लामिछानेले यस्तो बताएका हुन्। लामिछाने काठमाडौं जिल्ला अदालतको आदेशविरुद्ध निवेदन लिएर उच्च अदालत पाटन पुगेका थिए।

उच्च अदालतबाट निस्कने क्रममा लामिछानेले सरकार नांगिएको हुनाले सरकारकै लाज छोप्नका लागि अदालतहरूमा हिँडेको बताए। सँगै उनले भनेका छन्-'समय आउँदैछ, सबैलाई तयार रहन आग्रह गर्न चाहन्छु। गेट रेडी फर द रेभुलेसन।' उनले आफ्नो बोल्ने समय एकदमै नजिक आउँदै गरेको र त्यो दिन आएपछि धेरैको बोली बन्द हुने पनि जिकिर गरे।

'मेरो बोल्ने समय एकदमै नजिक आउँदैछ। अहिले म बोल्यो भने दुई तिहाइको सरकारलाई गाह्रो पर्ला,' लामिछानेले भने-'म बोल्यो भनेर गाह्रो भएको होला। जब बोल्ने समय आउँछ त्यसपछि धेरैको बोली चाहिँ बन्द हुन्छ।'

उनले अहिले आफू आवेग र उत्तेजनामा नभएको पनि प्रष्ट पारे। 'म आवेग, उत्तेजनामा छैन। मुलुक एउटा गम्भीर अवस्थामा आएको छ,' लामिछानेले भने, 'एउटा जिम्मेवार राजनीतिक दलका हिसाबले, नेपाली जनताले आशा र भरोसाको रूपमा हेरेको दलको हिसाबले म कुनै आवेग वा उत्तेजनामा आएर अभिव्यक्ति दिने पक्षमा छैन।'

# तिलोत्तमा गोल्डकप आजदेखि

## दिउँसो साढे २ बजे सुरु हुने उद्घाटन खेलमा घरेलु टिम रुपन्देही ११ र एपीएफ क्लब भिड्ने छन्।



**लुम्बिनी संवाददाता**
*बुटवल*

रुपन्देहीकै पुरानो र प्रतिष्ठित तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिता आज शनिबारदेखि शुरु हुँदैछ। देवीनगरस्थित एन्फा टेक्निकल खेलमैदानमा हुने प्रतियोगिताको तयारी पुरा भएको शुक्रबार पत्रकार सम्मेलन गरी जिल्ला फुटबल संघ रुपन्देहीका अध्यक्ष लोक पुनले बताए।

प्रतियोगितामा आयोजक करेन्ट रुपन्देही-११ सहित संकटा एफसी, मच्छिन्द्र एफसी, चर्च ब्याईज युनाईटेड, नेपाल पुलिस क्लब, एपिएफ क्लब तथा भारतका दुई विदेशी टिमहरु एडोर्न गडवाल स्पोर्टिङ क्लब र जर्जियन एफसी गरि आठ टिमले प्रतिस्पर्धा गर्ने छन। प्रतियोगिताको उपाधि विजेता टिमले नगद १२ लाख १२ हजार २ सय २२ रुपैयाँ, उपविजेता टिमले ६ लाख, ६६ हजार, ६ सय, ६६ रुपैयाँ तथा विधागत उत्कृष्ट खेलाडीहरुलाई गोलरक्षक, डिफेन्डर, मिड फिल्डर, फरवार्ड, कोचलाई नगद ३१ हजार र कप तथा सर्वोत्कृष्ट खेलाडीलाई स्कुटर वा मोटरसाइकल उपहार तथा प्रत्येक दिनको म्यान अफ दी म्याचलाई नगद ११ हजार १ सय ११ रुपैयाँबाट पुरस्कृत गरिने पुनले बताए।

मैदानमा माटो पट्याउने, सम्याउने र निरन्तर पानी राखेर हरियो बनाउने काम ३ महिनामा पूरा भएको उनले बताए। चारैतिर तारजाली गर्ने, रंगरोगन र मुल गेट नजिक न्यू होराइजन माविको २५ लाख आर्थिक सहयोगमा स्मार्ट शौचालय निर्माण गरिएको उनले बताए।

बुटवल उपमहानगरपालिका संरक्षक तथा यशोदा फुड्स प्रालि र त्रिमूर्ति ईण्डस्ट्रिज प्रालि मुख्य प्रायोजक, प्रदेश खेलकुद परिषद् लुम्बिनी मुख्य सहयोगी संस्था रहेको प्रतियोगिताको २३औं संस्करण नेपालमा एन्फाको मान्यता प्राप्त खप्तड, बिराट, आहारारा र तिलोत्तमा चार मुख्य गोल्डकप भएको एन्फा महासचिव हिमाल गौचनले बताए।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर

२०८१ चैत ०९, गते शनिबार

तपाईंका लागि...

## बिट्‌विन द लाइन्स्...

बिट्‌विन द लाइन्स्...

"चाहे वनका रुखहरू होस्
चाहे भीरको ढुंगा
यहाँ प्रत्येक वस्तुमा कीर्ति खोपिएको छ,
इतिहास लेखिएको छ।"

– अजम्बरध्वज खाती

सन्दर्भः विश्व कविता दिवस

# भ्रमबाट सत्यबोध गराउने कविता

**लक्ष्मण श्रेष्ठ**

कविताबारे स्पष्ट हुन भाषाबारे स्पष्ट हुनुपर्छ । किनभने कविता भाषाको सर्वोत्कृष्ट रूप हो । भाषा सामाजिक सम्पर्कको माध्यम हो । समाजको निर्माण नहुँदासम्म भाषाको विकास भएको थिएन । समाजको निर्माणसँगै मानिसलाई एक अर्कोसँग सम्पर्क गर्ने माध्यमको खाँचो पर्‍यो । त्यही माध्यमको रूपमा भाषाको जन्म भयो ।

आज पनि हेर्ने हो भने समूहबद्ध भएर बसेका प्राणीहरूमा केही न केही रूपमा भाषाको विकास भएको पाइन्छ । जस्तैः माहुरीहरू प्रकाशको दिशाको सापेक्षमा फूलको दिशा बताउने गर्छन् । कमिलाहरू शिरको एण्टेना जोडेर सञ्चार गर्छन् । तर, समाजमा नबस्ने कुकुरहरूमा त्यो मात्रामा भाषाको विकास भएको पाईंदैन ।

तर, मानिसहरूको भाषा अन्य सबै जीवको भन्दा उत्कृष्ट छ । किनभने मानिससँग लिपी र शब्दहरू छन् । यो मानिसको उत्कृष्टताले निर्माण गरेको हो । मानिस वैज्ञानिक रूपमा पूर्ण विकसित, सामाजिक रूपमा सबैभन्दा सामाजिक र आर्थिक रूपमा उत्पादन तथा पुनः उत्पादन गर्नसक्ने एकमात्र जीव हो । मानिसको सामाजिकता अन्य जीवहरूको सामाजिकताभन्दा फरक छ । अन्य जीवहरू जीवन निर्वाहका लागि समूहबद्ध हुन्छन् भने, मानिस उत्पादन तथा पुनः उत्पादन प्रक्रियाको जटिल संरचनामा समूहबद्ध हुछन् । प्राकृतिक स्रोतहरूको विशेषता केलाएर त्यसको पुनः उत्पादन गर्ने क्षमता विकास गर्दै जाने क्रममा मानिसको निर्माण भएको हो । यो क्षमता विकास गर्ने प्रक्रिया आज पर्यन्त जारी छ । त्यसैले मानिस झन् भन्दा झन् विकसित हुँदैछ ।

मानिसको भाषाको विशेषता शब्द र लिपी हुन् शब्दहरू वस्तुको प्रतिविम्बनको प्रस्तुती हुन् । भौतिक संसारसँगको अन्तरक्रियामा हरेक वस्तुले मानिसको मस्तिष्कमा प्रतिविम्बनको निर्माण गर्दछ । त्यो प्रतिविम्बनलाई सञ्चारमा व्यक्त गर्न मानिसहरूले संकेत दिए । ध्वनीको विकाससँगै ती संकेतहरूले शब्दको रूप पाए । भाषाशास्त्रको अध्ययनबाट थाहा हुन्छ, मानिसहरूले शुरु-शुरुमा अनुकरणात्मक शब्दहरू निर्माण गरे । झरनाको छेउमा बसेर झर्‌झर् गरे होलान् । काग कराएको सुनेर का-का-का गरे होलान् । तपाईंहरूले बोली फुट्‌दै गरेका बच्चाहरूको संगत गर्नुभयो भने थाहा पाउनुहुनेछ, उनीहरू आमा, बाबा, मामा, काका, दिदी जस्ता लयात्मक शब्दहरू पहिले सिक्छन् । केही वर्ष अगाडि मात्रै भाषाशास्त्रीहरूले स्वर यन्त्र (भोकल कर्ड)को विकास भइनसकेकोले यस्तो हुने पत्ता लगाएका छन् । अब यसो सोचौं त, मानिसहरूको स्वर यन्त्र पूर्णतः अहिलेको जस्तो विकसित नभइसक्दा शब्दहरू कति सिमित थिए होलान् ? एंगेल्सले 'बाँदरबाट मानिसको विकासमा श्रमको भूमिका' नामक निबन्धमा मानिसले भाषाको विकास गर्नका लागि गरेको कठिन संघर्षको व्याख्या गर्नुभएको छ । एंगेल्सले उक्त निबन्ध लेखेयता त्यसबारे निकै धेरै खोज, अनुसन्धानहरू भएका छन् । तर, यी सबैको एउटै सार छ- सामाजिक जीवनको क्रममा, अर्थात् उत्पादन, पुनःउत्पादनको सिलसिलामा मानिसहरूले सञ्चारको माध्यमको रूपमा शब्दहरू निर्माण गरे ।

समाज जति विकसित भयो । त्यति नै जटिल पनि बन्दै जान्छ । जटिल सामाजिक संरचनामा सम्बन्धहरू पनि जटिल हुन्छन् । सामाजिक सम्बन्ध केवल उत्पादन र पुनः उत्पादनको चक्रमा मात्रै रहँदैन । यसले भाव र अनुभुतिहरूलाई पनि शब्दमा व्यक्त गर्नुपर्ने स्थितिको सिर्जना गर्छ । एकनिष्ठ विवाहपद्धतिको विकाससँगै मानिसमा वैयक्तिक प्रेमको भावनाको विकास भएको उद्‌विकासवादी मनोवैज्ञानिकहरुको तर्क छ । वैयक्तिक प्रेमको विकासले अब भाव व्यक्त गर्नुपर्ने आवश्यकता निर्माण गर्‍यो । यसो कल्पना गरौं त, पहिलोपटक मानिसले आफूजस्तै अर्को मानिसलाई अरु सबैसँग भन्दा तिमीसँग विशेष व्यवहार गर्छु, सम्बन्ध बनाउँछु भनेर जनाउन 'प्रेम' शब्दको प्रयोग गर्न कति सकस भयोहोला ? जतिबेला त्यो शब्दको अस्तित्व नै थिएन ।

त्यसैगरी दुःख, पीडा, लोभ, विलाप, क्षमा, क्रोध, रिस जस्ता भाववाचक शब्दहरूको निर्माण भएको हो । भौतिक जगतले सिर्जना गरेको भावलाई व्यक्त गर्न बनेका यी शब्दहरूले मस्तिष्कमा कस्तो तस्विर निर्माण गर्छन् होला ?

त्यस्तै लिपीको विकास पनि शब्दजस्तै गरी सामाजिक अन्तरक्रियाकै क्रममा भएको हो । प्राचीन सभ्यताका लिपीहरू हेर्ने हो भने, ती वस्तुका चित्रहरू थिए । मानिसहरूले भेंडा जनाउन भेंडाकै चित्र, खरायो जनाउन खरायोकै चित्र बनाउने गर्थे । प्राचीन गुफाहरूमा पाईने चित्रहरू मानिसहरूले सायद आफूसँग भएका सम्पत्तिहरूको विवरण राख्न बनाएका होलान् जसरी अचेल हामीहरू कलम एक थान, पलंग एक थान भन्दै सूची बनाउछौं । तर, यो मेरो अनुमान हो । यसबारेमा मेरो अध्ययन अपुरो छ । तर, यत्ति चाहिं भन्नसक्छु, सामाजिक जीवनको एक अति विशिष्ट चरणमा पुगेपछि मात्र लिपीको विकास भएको हो ।

शब्दको विकाससँगै भाषाको विकास भयो । भाषालाई सहज र सम्प्रेषणीय बनाउन व्याकरणको विकास भयो । तर, कविता सायद त्यो भन्दा पुरानो हो । धेरैजसो इतिहासकार, संस्कृतिविद्, पुरातत्ववेत्ताहरू आमाले नानीहरूलाई सुताउन गाउने लोरी नै शुरुवाती कविताहरू भएको तर्क गर्छन् । त्यो हुनसक्छ । तर, भाषाको सुरुवाती विकासमा लिपी नबनिसकेको अवस्थामा स्मरणमा राख्न पनि मानिसहरूले लयमा राखेर भन्ने बानी पारेहोलान् ।

प्राचीन ग्रन्थ वेदहरू लय वा छन्दमा छ । वेद आर्यजातीले भारतीय उपमहाद्विपमा सभ्यता निर्माण गर्दैगरेको समयको वर्णन हो । सबैभन्दा पुरानो मानिने ऋग्वेदमा आगो, पानी, सूर्य आदि प्राकृतिक शक्तिहरूको पाइनुले उनीहरूको वास्तविक सभ्यतायात्रा यहीं भूमिबाट भएको आकलन गर्न सकिन्छ । उनीहरू आउँदा नै नागर सभ्यतामा प्रवेश गरिसकेका नाग, गन्धर्व, द्रविणहरूसँगको संसर्गबाट उनीहरूले धेरै सिकेका हुनसक्छन् । प्राचीन सभ्यताको इतिहासमा रुची हुने साथीहरूको लागि यो भूगोलको ज्ञान पाउन डिडी कोसाम्बी, देवीप्रसाद चट्टोपध्याय, अमृतपाद डाँगे, काशीनाथ राजबाडे, रोमिला थापर, आचार्य चतुरसेन लगायतका इतिहासकारहरूको पुस्तकहरू उपयोगी छन् । कम्तिमा राहुल सांकृत्यायानको कथा संग्रह 'भोल्गादेखि गंगासम्म' पढ्नैपर्छ भन्छु म । आचार्य चतुरसेनको उपन्यास 'वयं रक्षामः' पनि निकै गज्जबको छ यो सन्दर्भमा । नेपालका भाषाशास्त्री बालकृष्ण पोखरेलको पुस्तक 'खस जातीको इतिहास' भाषा र समाजको अन्तरसम्बन्ध र त्यसको विकास बुझाउने निकै-निकै गजबको पुस्तक हो भन्ने मलाई लाग्छ । तर, विडम्बना पहिलो प्रकाशन लेखक स्वंयले प्रकाशित गरेको भए पनि त्यस पछाडि यो महत्वपूर्ण ग्रन्थ प्रकाशन हुन सकेको छैन । तपाईहरूले उपनिषद्‌हरू हेर्नुभयो भने छक्क पर्नुहुनेछ, त्यहाँ निकै लामा लामा श्लोकहरू विना अर्थका छन् । हिजोमात्रै एक जना विद्वानले मलाई भाषाको विकाससँग जोडेर ती विना अर्थका शब्दको अर्थ लगाउनुभयो । वेदभन्दा नयाँ मानिने उपनिषद्‌हरूका श्लोकहरूमा भएका जटिल शब्दहरू जस्तै ऋ, ण आदिले वेदकालीन समयभन्दा पछि पनि मानिसहरूमा स्वर वर्णको विकास हुँदै गएको देखाउँछ भन्ने मेरो प्रारम्भिक अनुमान छ । हुन त यसबारेमा धेरै खोज, अनुसन्धान भएकोहोलान् मलाई त्यसबारे ज्ञान छैन । तर यति भन्छु, लयमा भन्दा छिटो स्मरणमा आउने भएकाले छन्दको विकास भयो । कविताले माथिल्लो उचाई लिंदै गयो ।

समाजको विकासक्रमसँगै कागज र मसीको विकास भयो । जसले लिपीको विकासलाई ठूलो आड दियो भने कवितालाई अझ माथिल्लो उचाईंमा पुर्‍याउन पनि सघाउ पुर्‍यायो । तर, कागज, मसी र कलम बने पनि लेखन निकै महंगो वा जटिल थियो ।

त्यसैले आम जनमानसले कागज, कलमको जोहो गर्न सक्दैनथ्यो र उसँग लिपीको ज्ञान पनि हुँदैनथ्यो । नेपालको इतिहास हेर्ने हो भने त सात सालपछि मात्र नेपालमा लिपीको ज्ञान सर्वव्यापी हुन थालेको हो । कलम र कागज कति दुर्लभ थियो भन्ने त हाम्रै आमा पुस्ताको अनुभवबाट पनि थाहा हुन्छ । बनारसमा छापाखाना हुँदा पनि नेपालमा किताबहरू सहज थिएनन् भने संसारमै छापाखानाको विकास नहुँदै कागज र मसीले मात्र आजको जस्तो पुस्तकको आवश्यकता पुरा गर्न सक्दैनथे । त्यसैले मानिसहरूले श्रुति परम्पराबाटै शिक्षा ग्रहण गर्ने, सूचना प्रवाह गर्ने गर्नुपर्‍यो । श्रुति परम्पराका लागि लयको आवश्यकता महत्वपूर्ण हुन्छ । लयलाई एकैनासको बनाउन छन्दको आविष्कार भएको हो । त्यसैले हरेक प्राचीन भाषामा छन्दको उपस्थिती पाइन्छ ।

दास समाजमा पुस्तकको विकास भयो, सामन्तवादी समाजसम्म आईपुग्दा अतिरिक्त उत्पादन पनि निकै बढिसकेको थियो । त्यसैले सामन्तहरूले आफ्नो वरिपरि कविहरू राखेर आफ्नो महिमागान वा प्रशस्ती लेखाइ प्रचार गर्न सक्ने भए ।

राजा अकबरको दरबारमा भएका नौ रत्नमध्ये कवि र गायक पनि थिए । महाकाव्यहरूको जन्म त्यतिबेला नै भएको हो । तर, कविहरूले त्यसलाई केवल महिमागानको साधन बनाएनन् । संस्कृतका कालीदासले 'शाकुन्तल'मा लेखेको प्रेमकथा वा नेवार समुदायमा रहेको सितलामाईको गीत तत्कालीन सामाजिक संरचनाप्रति कविको विद्रोही स्वरको उदाहरण हो । व्यापार व्यवसायमा लागेकाले होला प्रशियालीहरूको संस्कृतिमा प्रेमविनोदको उपस्थिति बढी छ । संगीतको विकासमा पनि उनीहरूको निकै ठूलो भूमिका छ । टन्न गरगहना, जवाहरात र सम्पत्ति भएकाले उनीहरूको ध्यान बढीजसो कलामा गयो । त्यसैले फारसी दरबारको गर्भबाट गजलको जन्म भयो ।

धेरै सोंच्न नभ्याउने, ट्याक्क टुक्क मिलाएर ठ्वाक्क भनिहाल्नुपर्ने बाध्यतामा भएका नेपाली किसानहरूको ठाडो असारे भाका पनि परिस्थितीकै परिणाम हो । त्यसमा सामाजिक सम्बन्ध र आर्थिक हैसियतले निकै भूमिका खेल्छ । जस्तै चर्चित असारे गीत छ नीः

'असारेमास दबदबे हिलो छुनलाई घिन लायो
पातली नानीलाई फरिया किन्दा दुई बीसे रिन लायो'

यो दुई पंक्तिमा असारे हिलोमा बाली लगाउने जीवन, त्यति नै बेला मिल्ने जोवन र जोवनको सम्बन्धलाई गाढा बनाउन ऋण हाल्नुपर्ने परिस्थिती समेटिएको छ । 'दुई बीसे' भन्ने शब्दावलीले मानिसहरूमा भएको अशिक्षा पनि जनाउँछ । प्रष्टै छ, यी पंक्तिहरू गजलको शेरजस्तो एउटा निश्चित बुनोटमा बाँधिएर सिंगारिएको छैन । खेतमा रोप्दारोप्दै चट्ट भनेर झट्ट प्रभाव जमाइहाल्नुपरेको बेला कहाँ काफिया र रदिफ खोज्न जानु ? त्यसैले पनि नेपाली साहित्यमा शास्त्रीय छन्दहरू सम्भ्रान्त वा गाउँका पण्डितहरूको खेलो बनिरह्यो भने निकै सरल बुनोटको छन्दमात्रै आमजनतामा लोकप्रिय भयो ।

जसलाई हेपेर सम्भ्रान्तहरूले झ्याउरे भनिदिए । लक्ष्मीप्रसाद देवकोटाले यही झ्याउरे भन्ने झर्रोमै मुनामदनजस्तो सशक्त काव्य सिर्जना गरिदिए । मुनामदनको शक्ति झ्याउरे हो भने झ्याउरेको प्रयोगले शास्त्रीय पण्डितहरूको शार्दुलविक्रीडित, अनुष्टुप, शिखरिणी लगायतका अनेकन् छन्द ओझेलमा पर्नु देवकोटाको शक्ति हो ।

"छरितो ढंगले मिलेको बान्कीमा चट्ट बसेर, एकै वाचन वा श्रवणमा मनमुटुसम्म आल्हादित गराउने शब्दहरूको सुन्दर मेल नै कविता हो ।"

छापाखानाको विकास भएपछि कविताहरू छन्दको पिंजराबाट मुक्त भए । एकातर्फ उपन्यास र कथाको युग शुरु भयो भने अर्कोतर्फ छन्दको पिंजराबाट मुक्त कविताहरूले फरक विषयवस्तु समात्न थाले । दरबारका सामन्तहरूको महिमामण्डन गाउँदागाउँदै भुत्ते भएका कविताहरूले उद्योगका मजदुर, खेतका किसान र सडकका विद्रोहीको आवाज बोल्न थालेपछि कविताको पारम्परिक अनुहार पुरै फेरियो ।

तर, छन्दको वर्षौं पुरानो पिंजरा तोडेर मुक्त आकारका गद्य (छन्द बाहेक अरु कविता नै होइनन् भन्नेहरूको भाषामा- गँड्यौला') कविताहरू बन्दा जोखिमहरूको सिर्जना भयो ।

तीमध्ये सबैभन्दा ठूलो जोखिम थियो- कविता कविता नहुने खतरा । अघि नै भनें कविताको प्राण भनेको त्यसको लय हो । त्यो लयले मानिसलाई छुन्छ । लय बिनाको कविता कविता नै हुँदैन । लय नभएपछि कवितामा प्रलय आउँछ । छन्दमा एउटा पूर्व निर्धारित संरचनामा लयको निर्माण गरिएको हुन्छ । त्यसैले त्यहाँ लयको खोजी गरिरहनुपर्दैन । अन्त्यमा अनुप्रास मिलाइदिए पुग्छ । जस्तैः सबैभन्दा खुकुलो संरचना भएको झ्याउरे छन्द । जसमा अक्षरहरू ५-५-६को संरचनामा हुन्छन्ः

हातको मैला, सुनको थैला, के गर्नु धनले
साग र सिस्नु खाएको बेस आनन्दी मनले

गद्य कविताको हकमा भने लयको निर्माण यति सजिलो छैन । यसको लागि तपाईले व्याकरणका सामान्य नियम तोड्नुपर्छ । वाक्य विन्यास छोड्नुपर्छ । शब्दहरूलाई आवश्यकता अनुरूप मोड्नुपर्छ । जस्तैः खाना खाएर हिंडेपछि भोकै परिंदैन । यो वाक्यमा कुनै लय छैन । तर यसैलाई तपाईले 'भोकै परिंदैन/खाना खाई हिंडेपछि' बनाइदिनुभयो भने यसमा लय आउँछ । र, यो अब कविताको गर्भमा जान्छ ।

त्यसोभए के लयमा राख्नासाथ कविता भइहाल्छ ?

अहं हुँदैन । कवितामा अरु दुई तत्व पनि चाहिन्छन् ती हुन् विम्ब र प्रतिक । जटिल समाजमा सबैथोक, अनुभूती, अवस्था र समय व्यक्त गर्नका लागि शब्दहरू पर्याप्त हुँदैनन् । त्यतिबेला तपाईले पुर्वस्थापित मान्यताहरूको सहारा लिनुपर्छ । तिनै सहाराका लहरा नै विम्ब हुन् । जस्तैः तपाईले अचाक्ली गर्मीलाई जनाउनुपर्दा भन्नुहुन्छः 'घामले पग्लेर सुर्य निधारबाट तप्प तप्प चुहिरहेथ्यो' । घाम, निधाबाट चुहिने पसिना सबै पूर्व स्थापित मान्यता हुन् । अब सुर्य नै पग्लिने गर्मी भन्ने विम्बले गर्मीको तापक्रम बढाइदिन्छ । कुकुरले टोकेजस्तो दुखाइ र बाघले चिथोरेजस्तो दुखाइ फरक हुन्छ । यो फरक देखाउन विम्ब चाहिन्छ । अर्कोतर्फ कुनै शब्दले पर्याप्त अर्थ नदिंदा त्यस वस्तुलाई जनाउन प्रयोग गरिने अर्को वस्तु प्रतिक हो । जस्तै गिरिजाप्रसाद कोइरालाले भनेका थिए- सत्ता थोत्रो कुर्सी हो । यो थोत्रो कुर्सी प्रतिक हो जसले सत्ताको कठिनाइ र जिर्ण अवस्था दुवै जनाउँछ । समयक्रममा सामाजिक संरचनाको परिवर्तनसँगै कविहरूले नयाँ-नयाँ विम्ब र प्रतिकहरूको निर्माण गर्छन् ।

यहींनेर शब्दको अर्थको बदलिंदो स्वरूपबारे पनि स्पष्ट भइहालौं । हरेक शब्दको अर्थ सामाजिक स्वरूपसँगै फेरिंदै जान्छ । जस्तैः वि.सं. १९७३ मा 'विवाह' शब्दले दिने अर्थ र वि. सं. २०७३ मा दिने अर्थमा धेरै फरक छ । मेरो अजी (हजुरआमा)को विवाह हुने दिन गाग्री बजाउँदै नाचिरहनुभएको थियो रे । एकजना आएछन्, नानी के गरेको आज त तिम्रो बिहे हो, लौ हिंड भनी लगेछन् । बिहे भयो । खेल खत्तम । तर, अहिले विवाह शब्दले के त्यहीं अर्थ दिन्छ त ? हाम्रा आमाहरूको पालामा विवाह भनेको आमाबाको अगुवाइमा जोडिने सम्झौताको सम्बन्ध थियो । आर्थिक, सामाजिक स्तरको आधारमा विशेषतः बाले मन पराएको केटासँग बिहे गर्नुपर्ने छोरीको कर्तव्य थियो । त्यसैले विवाह शब्दले त्यो समयमा तेस्रो पक्षको निर्देशनमा जोडिने सम्बन्धको अर्थ राख्थ्यो । जहाँ समझदारी कम सम्झौता बढी हुन्थ्यो । पत्नी पतिभक्त हुनु अनिवार्य थियो, पति जस्तै भएपनि । पतिले पत्नि थप्ने प्रतिष्ठाको अधिकार राख्थ्यो । तर, अहिले विवाह शब्दको अर्थ त्यो होइन । अहिले विवाह भनेको केटा र केटीले समझदारीमा निर्माण गर्ने सम्बन्ध हो । यसमा समानताको मात्रा बढी छ । यो त एउटा उदाहरणमात्र हो । शब्दको अर्थ यसरी फेरिंदै जान्छ । तर अर्थमा आएको यो परिवर्तन निरपेक्ष रूपमा शब्दमा मात्र भएको होइन । अघि नै भनें, शब्द भौतिक जगतसँगको अन्तरक्रियाको प्रतिविम्बन हो । त्यसैले शब्दको अर्थमा आउने परिवर्तन सामाजिक संरचना र चिन्तनमा आउने परिवर्तनको परिणाम हो । सामाजिक चिन्तनमा कसरी परिवर्तन आउँछ त ? सरल जवाफ छ द्वन्द्वले । 'हामीले खोज्देको केटासँग विहे गर्नुपर्छ' भन्ने बा-आमा र 'मैले मन पराएकैसँग तिमीहरू जेसुकै गर' भनेर निहुँ खोज्ने छोरीबिचको द्वन्द्वले विवाह भन्ने संस्थाको पुरानो मान्यता भत्काइदिन्छ । नयाँ बनाउँछ । यहि नै हो समाजको प्रगति । तर विडम्बना ! हामी 'सोकल्ड' प्रगतिशीलहरूको एउटा समस्या छ । त्यो हो, हामी सबैभन्दा अप्रगतिशील छौं । किनभने हामी समाजको बदलिंदो चिन्तनलाई पुरानै मान्यताको आँखाबाट हेर्छौं । त्यसरी नै सोंच्छौं । सही र गलत ठिक छुट्‌टाउने आधार नै त्यहीं बनाउँछौं । समाजको प्रगति नै स्वीकार्न नसक्ने हामी कसरी प्रगतिशील हुन्छौं ? त्यसैले, यदि हामीले प्रगतिशील कविता लेख्ने हो भने अलिकति अराजक हुनैपर्छ । स्थापित मान्यताहरूमाथी प्रश्न उठाउने, निहुँ खोज्ने नगर्ने हो भने कविताको नाममा अत्याचार गर्न बन्द गरे हुन्छ । किनभने त्यस्ता कवितामा प्रगतिशीलताको लेपन होइन भानुभक्तको प्रेत हुन्छ । भानुभक्तले स्थापित गरेको 'नारी हाँस्नु हुँदैन, हाँसे वेश्या हुनेछन्' भन्ने चिन्तनले काम गर्छ । विम्ब र प्रतिकको निर्माणमा हामीले हाम्रो विद्रोहलाई ख्याल गर्नुपर्छ ।

लौ, त्यसोभए अब लय, विम्ब र प्रतिक जोडेपछि कविता बन्छ त ?

म भन्छु, कम्तीमा अर्को एकथोक चाहिन्छ । त्यो हो अतिरञ्जना । जस्तैः राजा पुनियानीको कविता बर्खाको एउटा अंशः

'बाहिर पानी परेको-परेकै । परेको-परेकै ।
कसरी सक्दछौ बसिरहन तिमी
भित्रको भित्रै गन्ती गर्दै थोपैपछि बित्ने अदेख शताब्दीहरू?'

यो कवितांशमा हरेक थोपा पानीमा शताब्दी बित्ने अतिरञ्जना गरिएको छ । यस्तो पनि हुन्छ र ? शताब्दी भनेको त एक सय वर्ष हो । अनि कसरी त्यो एक थोपा पानी खस्दा फेरिन्छ ? तर जब हामी बुझ्छौं यहाँ पानी प्रतिक हो ।

अनि हामी थोपा थोपामा बहने शताब्दी पनि बुझ्छौं । र, यो अतिरञ्जनाले मुटुसम्मै ट्वाक्क हिर्काउँछ । यो नै कविताको शक्ति हो । सायद त्यसैले नै कृष्णज्वाला देवकोटाले कवितालाई पूर्ण भ्रम भनेका हुन् । पूर्ण नै त नभनौं रमरम भनौं । तर यो बिर्सनु हुँदैन, रमरमर भ्रम सिर्जना गरेर सत्यबोध गराउनु नै कविताको सामर्थ्य हो ।

(श्रेष्ठले २०७३ मा किर्तिपुरको एक अध्ययन गोष्ठीमा दिनुभएको प्रवचनको सम्पादित रूप)

## यस्तो पनि लेख्नुपर्‍यो

**शंकर भण्डारी**

बदनामीको टाटो बसेको
आफ्नै अनुहार दुख्छ अचेल
कसैले तेजाब फ्याकेर
कुदेको हो भर्खर बेपत्तासँग
समयको यो बार्दलीबाट
खै के खोज्दैछु मैले
आफ्नै अनुहार?
बडा जतनले
पोको पारिराखेको विश्वासमा
खै कुनबेला हो
ढुडेसी लागेछ कुन्नी?
कुनै समय थियो
यस्तो लाग्थ्यो
जताततै ऐनाहरू छन
हरेक ऐनामा टाँसिएकोछ
मेरो अनुहार
म देख्थे
एउटा, दुईटा होईन
सयौं छायाहरू
पच्छाईरहेछन् मलाई
आखिर ती छायाँहरू न थिए
मेरो विश्वासको भ्रम जस्तै
हराए सबै
घामका बाछिटाहरूमा
म लुटिए
आफ्नै छायाँहरूबाट
म लुटिए
आफ्नै विश्वासहरूबाट
झुठ र हल्लाहरूको
यो बजारमा रित्तिए
आफ्नै लिलामीबाट
खै कस्ले
मार्दैछ बाजी
मलाई छिर्के लडाएर
म हारिन कहिल्यै शत्रुहरूसंग
तर पछारिए बरू
आफ्नैहरूबाट...

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४



*कमल दहबाट कमलको जरा निकालिँदै*

रुकुम पूर्वको सिस्ने गाउँपालिका-५ मा रहेको कमल दहबाट कमलको जरा निकाल्दै स्थानीय। गाउँपालिकाले टेन्डर आह्वान गरेर वर्षेनी यसै समयमा कमलको जरा निकाल्ने गरेको छ। कमल किन्नको लागि जिल्लासहित रोल्पा, सल्यान, बागलुङलगायतका ठाउँबाट कमल किन्न आउने गरेका छन्। तस्बिरः सर्जना कार्की/रासस

# बाँकेमा डढेलो नियन्त्रणका अभ्यास



नेपालगञ्ज । डढेलो नियन्त्रणका लागि बाँकेका विभिन्न स्थानमा स्थानीय समुदायलाई डढेलो नियन्त्रणका अभ्यास गराइएको छ । वनसँग जोडिएर बसेका समुदायलाई लक्षित गरेर जनचेतना फैलाउने उद्देश्यले त्यस्तो अभ्यास गराइएको जिल्ला वन कार्यालय, बाँकेका सूचना अधिकारी टङ्क गुरूङले जानकारी दिए। "हामीले फिल्डमा गएर आगो लगाएर उपकरणको प्रयोगमार्फत आगो नियन्त्रणको विधि सिकाइएको छ ।"-उनले भने । गुरूङले जिल्लाका नरैनापुर, राँझा, शमशेरगञ्ज र सिक्टाका वन क्षेत्रमा सो अभ्यास भएको उल्लेख गर्दै डढेलो नियन्त्रणका लागि सप्ताहव्यापी कार्यक्रम गरेको जानकारी दिए।

उनले जिल्लास्थित सामुदायिक वन उपभोक्ता महासङ्घको समन्वयमा कार्यक्रम भइरहेको जानकारी दिँदै एक सय १८ सामुदायिक वनलाई चार कल्स्टरमा विभाजन गरेर कार्यक्रम गरेको बताए ।

यसबाहेक डढेलो लाग्न नदिन वनका पातपतिङ्गरको सरसफाइ, अग्निरेखा निर्माणलगायतका जनचेतानमूलक कार्यक्रम सञ्चालन भएको गुरूङले बताए।

सवडिभिजन वन कार्यालय, शमशेरगञ्जका प्रमुख मनोज लम्सालले डढेलो नियन्त्रणका लागि अग्नि नियन्त्रकजस्ता चार महिनाका लागि नियुक्त गरेर वनमा सरसफाइलगायत कार्य भएको उल्लेख गर्दै डढेलो नियन्त्रणका विधि सिकाइएको जनाए। 'यसको मुख्य उद्देश्य समुदायलाई डढेलो नियन्त्रण गर्न जागरूक बनाउनु हो।'-उनले भने।

सामुदायिक वन उपभोक्ता महासङ्घ, बाँकेका अध्यक्ष सावित्रा पुनमगरले जिल्लामा डढेलोका कारणले चिन्ताजनक स्थिति रहेकाले पछि परेका समुदायलाई चेतना जागृत गर्न यस्ता कार्यक्रम फलदायी हुने विश्वास व्यक्त गरिन।

उनले वनसँग जोडिएका गाउँघरमा जथाभावी रूपमा प्रज्वलशील पदार्थ नफाल्न आग्रह गरिएको उल्लेख गर्दै डढेलो नियन्त्रणका लागि चेतनामूलक कार्यक्रम आवश्यक भएको बताइन् । गत वर्ष बाँकेका विभिन्न सामुदायिक वन र चक्ला वनको करिब पाँच हजार एक सय ३३ हेक्टर क्षेत्रफलमा डढेलो लाग्दा ठूलो क्षति भएको थियो । डढेलोका कारण पशु चौपायाका साथसाथै सर्प, खरोयो र विभिन्न प्रजातिका चरा मरेका थिए।

# नेपाल स्काउटको दिक्षान्त कार्यक्रम रामपुरमा

**बासुदेव ढकाल**

*रामपुर पाल्पा*

नेपाल स्काउट लुम्बिनी प्रदेश स्थानीय स्काउट कार्यालयले पाल्पाको रामपुरका स्थानीय स्काउटका संरक्षक , प्रमुख स्काउट र सदस्य सचिवलाई दिक्षित गरेको छ। रामपुर नगरपालिकाको कार्यालयमा एक कार्यक्रम गरि स्थानीय स्काउट संरक्षक एबं रामपुर नगर प्रमुख रमणबहादुर थापा, प्रमुख स्काउट नगर उप-प्रमुख बालकुमारी थापा र शिक्षा शाखा प्रमुख विकल काफ्लेलाई दिक्षित गरेको हो। नेपाल स्काउट लुम्बिनी प्रदेश सदस्य सुशीला गोदार र स्थानीय स्काउट रामपुरका संयोजक सागर श्रेष्ठले संयुक्त रूपमा दिक्षित गराएका हुन्।

दिक्षित हुँदै रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले स्काउटले विद्यार्थीलाई नैतिकता र जिम्मेवारीसँगै परोपकारी बन्न सिकाउने र विपद र मानवीय संकटको समयमा सहायता र उद्दारको काम गर्ने भावनाको विकास स्काउटले पूर्ण रुपमा गराउने बताए । समृद्ध नगरपालिका निर्माणका लागि स्काउट आवश्यक रहेको भन्दै उनले आगामी दिनमा हातेमालो गर्दै जाने प्रतिबद्धता पनि व्यक्त गरेका थिए।

यस्तै रामपुर नगरपालिकाका उप-प्रमुख तथा प्रमुख स्काउट बालकुमारी थापाले विद्यार्थीहरुलाई सेवाको भावनासँगै परोकारी काम गर्न उत्प्रेरित स्काउटले गराउने बताइन् । उनले सबै विद्यालयमा स्काउट सञ्चालन गर्न आवश्यक रहेको भन्दै हरेक विद्यालयमा विद्यार्थीको संख्या बढाएर स्काउट सञ्चालन गर्न आवश्यकतामा जोड दिएकी हुन्।

रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्य दर्शन पण्डितले स्काउट तटस्थ संस्था भएको भन्दै सबैले अपनत्व अनुभूति हुने गरी काम गर्न आग्रह गरेका थिए।

स्थानीय स्काउटका संरक्षक, प्रमुख स्काउट र सदस्य सचिवलाई दिक्षित गराउँदै नेपाल स्काउटका लुम्बिनी प्रदेश सदस्य सुशीला गोदारले रामपुरको स्काउट प्रदेशमै गर्व गर्ने स्थानको रुपमा रहेको भन्दै शिक्षकहरुलाई दिक्षित गरि स्काउटको गतिविधिलाई थप चलायमान बनाउन नगरपालिकाले थप वातावरण बनाउनु पर्नेमा जोड दिइन् ।

कार्यक्रममा रामपुर नगरपालिका नगर शिक्षा समितिका सदस्य तथा दरैठाँटी माध्यमिक विद्यालयका प्रधानाध्यापक सुन्दरप्रसाद देवकोटाले विभिन्न विद्यालयका शिक्षकहरुको सक्रियताले रामपुरको स्काउट यो स्थानसम्म आइपुगेको भन्दै यसको उद्देश्य परिपूर्तिका लागि सबै लाग्नु पर्ने बताए। रामपुर नगरपालिकाभित्रका ११ विद्यालयमा स्काउट टुपका कार्यक्रम सञ्चालन भएको छ।

रामपुर नगरपालिकाका उप-प्रमुख तथा प्रमुख स्काउट बालकुमारी थापाको अध्यक्षतामा भएको कार्यक्रम नगरप्रमुख तथा संरक्षक रमणबहादुर थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । स्थानीय स्काउटका सदस्य सचिव विकल काफ्लेको स्वागतबाट सुरु भएको कार्यक्रमको सञ्चालन शिक्षा शाखाका प्राविधिक सहायक अनिता कुँवरले गरेका थिए । कार्यक्रममा विद्यार्थीहरुले विभिन्न सांगीतिक प्रस्तुतिसमेत प्रस्तुत गरेका थिए।

## फुटपाथमा...

यस्तै प्रत्येक दिन अपरेशन गरेका छौं, राइट टर्न निषेधमा सवारीसाधनको प्रवेश भएको पाइएकोले ड्युटी खटाएर त्यसलाई नियमन गर्ने वरिष्ठ सई शर्माले बताए। उनले एकै पटक सबै काम नहुने बताउँदै अबको एक हप्ता पछि नतिजा देखिने परिवर्तन हुने उनले दाबी गरे।

नगरप्रहरीको विषयमा सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले नगर प्रहरीद्वारा सिद्धार्थनगर नगरपालिकाभित्र बजार क्षेत्रमा जथाभावी रूपमा गरिएको पार्किङ्, सडक क्षेत्रमा अव्यवस्थित रूपमा राखिएका होर्डिङ बोर्ड, हेलमेट तथा सडक पेटीमा राखिएका सामग्रीहरूलाई हटाउने तथा नियन्त्रणमा लिने कार्यलाई तीव्र रूपमा अगाडि बढाएको बताए।

फुटपाथमा गरिएको पार्किङको विषयमा पनि नगरपालिका सचेत छ, नगरवासीको सहजताका लागि नै नगरपालिकाले अभियान चलाएको छ।

नगरका समस्या समाधनमा पूर्णरुपले नगरपालिका लागेको छ। सिद्धार्थनगर नगरपालिकाले पार्किङ व्यवस्थापनका लागि निजी क्षेत्रको सहकार्यमा व्यवस्थापनको काम भइरहेको उनले बताए । थापाका अनुसार , नगरको व्यवस्थापन र निर्णयहरु कार्यान्वयनका लागि बजार क्षेत्रमा अहिले नगरप्रहरीहरु परिचालन भएका छन, इरिक्सा, फोहोरमैला, फुटपाथ खाली गराउने पार्किङ्लगायतको विषयमा नगरप्रहरी सक्रिय भएको छ।

सार्वजनिक स्थानहरूको सौन्दर्यीकरण, यातायात व्यवस्थापनलाई सहज बनाउने तथा सर्वसाधारण पैदल यात्रुहरूको आवागमनलाई सुरक्षित तथा व्यवस्थित गर्ने उद्देश्यले नगर प्रहरीले नियमित रूपमा अनुगमन गर्दै अव्यवस्थित रूपमा पार्किङ गरिएका सवारी साधनहरू हटाउने, नियमविपरीत राखिएका विज्ञापन बोर्ड तथा अन्य सामग्रीहरू नियन्त्रणमा लिने कार्यलाई निरन्तरता दिएको उनले बताए।

## तिलोत्तमा...

यो वर्ष पुरस्कार राशीमा समेत अघिल्लो संस्करणभन्दा १ लाख रुपैयाँ वृद्धि गरिएको उनले बताए।

चैत ९ गतेबाट १६ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा १ करोड ८ लाख रुपैया, ८८ हजार रुपैयाँ खर्च हुने अनुमान रहेको छ । प्रतियोगितालाई बुटवल उपमहानगरपालिकाले ४० लाख र यशोदा फुड्सले करिब २५ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने भएका छन्।

# शीतभण्डार सञ्चालन गर्न निजी क्षेत्र खोज्दै गाउँपालिका



नवलपरासी । पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-४ नर्सरीमा बनेको शीतभण्डार (चिस्यान केन्द्र) सञ्चालनका लागि गाउँपालिकाले व्यवसायी खोज्न थालेको छ।

रु पाँच करोडभन्दा बढी लागतमा बनेको शीतभण्डार उपयोगविहीन भएपछि निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने निष्कर्षमा पालिका पुगेको गाउँपालिका अध्यक्ष उपाध्यायले बताए। पूर्वतयारीविना बनाइएको शीतभण्डार सञ्चालनमा ल्याउन कठिन भएको उनले बताए। गाउँपालिकाको मुख्य बाली उखु र केराखेती हो तर शीतभण्डारमा आलु र प्याज मात्रै राख्न मिल्ने भएकाले शीतभण्डार प्रयोगमा नआएको अध्यक्ष उपाध्यायको भनाइ छ। "यहाँको आवश्यकता पहिचान नै नगरी अघिल्लो कार्यकालमा यहाँ शीतभण्डार बनाइयो, जसकारण यसको प्रयोग हुनसकेको छैन । ठूलो लगानीमा बनेको शीतभण्डार प्रयोगमा नआउनु चिन्ताको विषय हो। त्यसैले निजी क्षेत्रलाई ठेक्कामा दिएर यसको उपयोग गर्ने सोच बनाएका छौँ।"-उनले भने।

गाउँपालिका उपाध्यक्ष गीता चौधरीले निजी क्षेत्रबाट शीतभण्डार सञ्चालनका लागि कार्यविधि तयार गरिएको बताइन । गाउँपालिका आफैँले शीतभण्डार सञ्चालनका लागि धेरै प्रयास गरे पनि सफल नभएको उनले बताइन् । "किसानलाई आलु, प्याज उत्पादनका लागि प्रोत्साहन गर्न अनुदानको कार्यक्रम पनि अगाडि सार्‍यौँ । त्यसका लागि चालु आर्थिक वर्षमा अनुदान दिनका लागि आलुमा रु १० लाख र प्याजमा रु चार लाख बजेट नै विनियोजन गरिएको छ। त्यसका लागि आवेदन पनि माग्यौँ तर किसानले चासो राखेनन्।"-उपाध्यक्ष चौधरीले भनिन्।

एक वर्षअघि शीतभण्डार गाउँपालिकालाई हस्तान्तरण गरेको थियो । त्यसपछि पनि पालिकाले केही अधुरा काम सम्पन्न गरिसकेको छ।

लुम्बिनी प्रदेश सरकार र गाउँपालिकाको संयुक्त लगानीमा शीतभण्डार निर्माण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुमलाल भुसालले बताउनुभएको छ। शीतभण्डारको क्षमता एक हजार मेट्रिक टन छ।

**विनयी त्रिवेणी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

दुम्किबास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशन मिति : २०८१/१२/०९

यस कार्यालयबाट मिति २०८१/११/२० मा राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिम कार्यको लागि आवहान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

| क्र.सं. | बोलपत्र नं. | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कार्यक्रमको विवरण | कबोल रकम |
|---|---|---|---|---|
| १ | 43/BTRM/SQ/Goods/2081-082 | Palika Agro Concern pvt. Ltd. Syuchatar, Kathmandu, Nepal | Agricultural machinery goods procurement and installation | १७,६०,००० |

प्रमुख प्रशासकीय अधिकृत

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

नरविर रजालीको नाति, नैन सिं रजालीको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला चन्द्रकोट गाँउपालिका वडा नं. ०८, तुराङ्ग बस्ने लिलबहादुर रजालीले यस शाखामा बचत खाता नं. २०९१५२४१४०८३५२ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/१०/१५ मा निज खातावाला लिलबहादुर रजालीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरी नाता पर्ने सिता रेश्मीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक लिलबहादुर रजालीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भएवा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबीगर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
गुल्मी शाखा, फोन नम्बर :- ०७९-५२१०२९
फ्याक्सः- ०७९-५२११९४

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

गजविर रानाको नाति, गज वहादुरको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला चन्द्रकोट गाँउपालिका वडा नं. ०५ बस्ने हर्क वहादुर रानाले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१५५४ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/१२/२९ मा निज खातावाला हर्क वहादुर रानाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकमपाउं भनी निज मृतकको छोरी नाता पर्ने गौमाया रानाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यककागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक हर्क वहादुर रानाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबीगर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
गुल्मी शाखा, फोन नम्बर :- ०७९-५२१०२९
फ्याक्सः- ०७९-५२११९४

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# प्राध्यापक पेशा छोडी व्यापारमा भविष्य खोज्दै : आचार्य




राधिका भुसाल

*प्यूठान*

पछिल्लो समय जागिर पेशाका लागि दौडिरहेका युवाहरुको भिडमा सन्देश आचार्यले बेग्लै पहिचान बनाउन सफल भएका छन् ।

मल्लरानी गाउँपालिका ४ खलंगा स्थायी घरमा भएका आचार्यले प्राध्यापक पेशा छोडेर व्यवसाय विस्तार गरिरहेका छन् । ८ वर्ष प्राध्यापन पेशामा लागेको बताउँदै प्यूठान क्याम्पस खलंगामा सहायक क्याम्पस प्रमुखको रुपमा प्राध्यापन गर्दै आएका थिए। पेशामा भन्दा व्यापारमा भविष्य उज्ज्वल देखेर प्राध्यापक पेशालाई विट मार्दै व्यवसायलाई फस्टाउँदै लगेको उनले बताए।

'अगरबत्ती र मैनबत्ती बनाउने व्यवसायबाट व्यवसायिक यात्रा सुरु गरेको थिएँ,' युवा व्यवसायी आचार्यले भने-'त्यसपछि इलेक्ट्रोनिक पसलबाट पनि सफलता पाउन नसकेपछि डेकोरको व्यापार सुरु गरेको थिए ।' मल्लरानी ग्रामीण विकास सरोकार केन्द्रअन्तर्गत च्याप प्रोजेक्टको जागिर गरी जम्मा गरेको तीन लाख रुपैयाँबाट व्यवसाय सुरु गरेको बताए । हाम्रो राम्रो अर्डर एण्ड सप्लायर्सको शाखा विस्तार गरी खलंगा, बाग्दुला, दाङको लमही र रोल्पाको लिवाङबाट डेकोरको सामान बिक्री गर्दै आएको सुनाए । हाम्रो राम्रो अर्डर एण्ड सप्लायर्सबाट अहिले वार्षिक ५ करोडको कारोबार गर्ने उनले बताए।

उमेरले मात्रै ३८ वर्ष पुगेका आचार्यले व्यवसाय सुरु गरेको १० वर्ष भएको छ। अहिले ३ करोडको लगानी गरिसकेको उनी बताउँछन् । व्यवसाय विस्तारमा श्रीमती इश्वरा आचार्यको राम्रो साथ सहयोग पाएकै कारण व्यवसायिक सफलता मिलेको उनको भनाइ छ । प्यूठान उद्योग वाणिज्य संघको भर्खरै अध्यक्ष पदमा निर्वाचित समेत भएका उनले ९ जना युवाहरुलाई रोजगारी दिएका छन् ।

हाम्रो राम्रो ग्रुपमार्फत् अन्य युवाहरुलाई व्यवसायमा जोडिन सहयोग गरेको बताउँछन् । यो ग्रुपमार्फत् आचार्यले डेकोरको क्षेत्र अंगालेको बताउँदै राजन श्रेष्ठले खलंगामा फेन्सी पसल र शम्भु नेपालीले पोल्टी फिक्स सञ्चालन गरेको उनको भनाइ छ । 'जुनसकै क्षेत्रका लागे पनि तन, मन र धन सबै लगाएपछि सफल व्यवसायी बन्न सकिन्छ,' उनले भने-'मेरो सफलता मात्र नभइ हाम्रो राम्रो ग्रुपमा जोडिएर व्यवसाय गर्ने साथीभाइलाई पनि सफल व्यवसायी बन्न प्रेरण दिने गरेको छु।' पहिलो पटक हेलिकप्टर चढेको आकाशबाट जंगल र पानी मात्रै देखेको बताउँदै यि दुई चिजमा पैसा देखेर नेपालमा काठको व्यवसायबाट सफल हुन सक्ने अठोटका साथ फर्निचर सुरु गरेको उनले बताए । कोहलपुरमा आफ्नै दाइले पनि हाम्रो राम्रो फर्निचर व्यवसाय गरेको उनको भनाइ छ।

घरमा सहयोग राखेर आफूले पनि व्यवसायलाई पूरा समय दिने गरेको इश्वरा आचार्य बताउँछिन् । 'यो व्यवसायबाट हामी खुसी र सन्तुष्ट छौं,' उनले भनिन्-'समाज, समुदायसँग जोडिने व्यवसाय भएकाले धेरै प्रकारका मानिसहरुसँग सम्पर्क समन्वय गर्दै काम गर्दा खुसी छौं।' महिलाहरुले हरेक क्षेत्रको नेतृत्व गर्न आर्थिक रुपमा सक्षम भएमा धेरै सहज हुने गरेको आचार्य बताउँछिन्।

# न्यू होराइजनले रंगशालामा बनायोस्मार्ट शौचालय




बुटवल । राष्ट्रकै अग्रणी शैक्षिक संस्था न्यू होराइजन आवासीय अंग्रेजी मावि बुटवलले देवीनगर रंगशालामा २५ लाख लागतमा स्मार्ट शौचालय बनाइदिएको छ । एन्फा रंगशालामा सुविधासम्पन्न शौचालयको अभाव खड्केको हुँदा विद्यालयले सामाजिक उत्तरदायित्व वहन गर्दै एउटै भवनमा महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय बनाइदिएको हो।

रंगशाला परिसरमा बनेको उक्त शौचालय शुक्रबार एक कार्यक्रमका बीच उद्घाटनसँगै विद्यालयले रंगशालालाई हस्तान्तरण गरेको छ । बुटवल उपमहानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयले शौचालय उद्घाटन गर्दै निजी विद्यालयले सामाजिक उत्तरदायित्व बहन गर्दै अनुकरणीय सामाजिक कार्य गरेको भन्दै सराहना गरे । उनले रंगशाला क्षेत्र व्यवसायिक क्षेत्र बन्दै गरेको उल्लेख गरे।

सो अवसरमा न्यू होराइजन संस्थाका अध्यक्ष ज्ञानेन्द्र कसजूले बुटवलमा शिक्षाको गुणस्तर माथि उकास्न न्यू होराइजनको योगदान महत्वपूर्ण रहेको र सामाजिक क्षेत्रमा पनि आवश्यकता अनुसार योगदान गर्दै आएको बताए।

विद्यालयका प्राचार्य लोकनाथ उपाध्यायले विद्यालयको ३५औं वार्षिकोत्सवका अवसरमा सामाजिक उत्तरदायित्वअन्तर्गत २५ लाख लागतमा शौचालय निर्माण गरिदिएको बताए।

यसअघि विद्यालयले लक्ष्मी मावि, प्रगति माविमा शिक्षकको व्यवस्थापन, डेस्क बेन्च हस्तान्तण लगायतका काम पनि गर्दै आएको उनीहरुको भनाइ थियो।

कार्यक्रममा जिल्ला फुटबल संघ रुपन्देहीका अध्यक्ष लोक पुनले आफूहरुको अनुरोधलाई स्वीकार गरेर स्मार्ट शौचालय बनाइदिएकोमा विद्यालयलाई धन्यावद ज्ञापन गर्दै यसले खेलाडी र दर्शकलाई धेरै सहज बनाउने बताए। । सो अवसरमा विद्यालयका सह-प्राचार्य वासुदेव अर्याल,नेपाल पत्रकार महासंघका उपाध्यक्ष विश्वास ढकाललगायतले आफ्ना भनाई राखेका थिए।

## पीएम कप क्रिकेटः

# एपीएफ क्लब, त्रिभुवन आर्मी क्लब र कर्णाली प्रदेशको जित



भैरहवा । प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा शुक्रबार भएका तीन खेलमा नेपाल एपीएफ क्लब, त्रिभुवन आर्मी क्लब र कर्णाली प्रदेशले जित निकालेका छन्।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा एपीएफले सुदूरपश्चिम प्रदेशलाई ३ विकेटले पराजित गर्दै अंक तालिकाको तेस्रो स्थानमा उक्लिएको छ। टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिम ४८.५ ओभरमा १ सय ९१ रनमा अलआउट भयो । उसका लागि निश्चल क्षेत्रीले सर्वाधिक ५७ रन बनाए । बलिङमा एपीएफका रोहितकुमार पौडेल र अमरसिंह रौटेलाले ३-३ विकेट लिए। ९ ओभरमा १ मेडन राख्दै ३१ रन खर्चिएका अमर प्लेयर अफ दि म्याच भए। १ सय ९२ रनको लक्ष्य एपीएफले ७ विकेट गुमाएर ३६.३ ओभरमा पूरा गर्यो । एपिएफका लागि सन्दीप जोराले सर्वाधिक ५१ रन बनाए भने आसिफ शेखले ३२ रनको योगदान गरे। बलिङमा सुदूरपश्चिमका शेर मल्ल, विकास अग्री र नारायण जोशीले १-१ विकेट हात पारे।

यस्तै, दाङको लमहीस्थित देउखुरी क्रिकेट मैदानमा भएको खेलमा आर्मीले गण्डकी प्रदेशलाई ६ विकेटले पराजित गर्दै छैटौं जित हात पारेको छ । गण्डकी भने ७ मध्ये ६ खेलमा पराजित भइसकेको छ भने अंक तालिकामा पुछारमा छ। पहिले ब्याटिङ गरेको गण्डकी ३०.३ ओभरमा १ सय १६ रनमै अलआउट भयो। गण्डकीका लागि ओपनर अर्जुन कुमालले सर्वाधिक ३३ रन बनाए। यस्तै, दीप डुम्रेले १९, कमल परियारले १७, र विपिन खत्रीले १५ रन जोडे पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन्।

बलिङमा आर्मीका साहब आलमले पाँच विकेट लिए। प्लेयर अफ दि म्याच उनले १० ओभरमा १ मेडनसहित ४२ रन खर्चिए। कुशल मल्ल र नरेन साउदले समान २-२ विकेट लिए। १ सय १७ रनको लक्ष्य आर्मीले ४ विकेट गुमाएर २६.५ ओभरमा पूरा गर्यो । आर्मीका लागि ओपनर तृतराज दासले ३७, बसिर अहमदले नटआउट ३२, भीम सार्कीले १४ र इमरान शेखले १२ रनको योगदान गरे । बलिङमा गण्डकीका चन्द्र पौडेल, विपिन खत्री, सुभाष भण्डारी र सुदीप अर्यालले समान १-१ विकेट लिए। आर्मी १२ अंकका साथ अंक तालिकाको दोस्रो स्थानमा छ।

त्यसैगरी रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राकेट ओभक क्रिकेट मैदानमा भएको खेलमा कर्णाली प्रदेशले चौथो जित दर्ता गराएको छ। आफूले खेलेका सातमध्ये चार खेलमा जित निकालेसँगै कर्णाली अंक तालिकमा सशस्त्र प्रहरी बलको एपिएफ क्लब र लुम्बिनी प्रदेससँग अंक बराबरी गरेको छ।

कर्णालीले मधेस प्रदेशलाई ८१ रनले हरायो। टस जितेर ब्याटिङ गरेको कर्णाली ५ बल खेल्न बाँकी छदा २ सय २० रनमा अलआउट भयो । कर्णालीका दीपेन्द्र रावतले ६१ रन बनाउँदा अर्जुन घर्तीले २६ र दीनेश अधिकारीले २४ रनको योगदान गरे।

बलिङमा मधेसका रुपेश सिंह, रंजित कुमार, हरिशंकर साह, कमल गुप्ता र अनिल साहले २-२ विकेट लिए। २ सय २१ रनको लक्ष्य पछ्याएको मधेश ३५.२ ओभरमा १३९ रनमा अलआउट भयो। उसका लागि रुपेश सिंहले सबैभन्दा बढी ३० रन बनाए। बलिङमा दीनेश अधिकारीले ४ विकेट लिए। अर्धशतक समेत प्रहार गरेर प्लेयर अफस दि म्याच दीपेन्द्र रावतले ३ विकेट लिन सफल भए।

# वन दिवसको अवसरमा प्रभातफेरी र अन्तर्क्रिया




तिलोत्तमा । अन्तर्राष्ट्रिय वन दिवसको अवसरमा लुम्बिनी इन्टिग्रेटेड एकेडेमीले प्रभातफेरी र अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। 'वन र खाना' विषय रहेको यस वर्षको वन दिवसको अवसरमा एकेडेमीको प्राङ्गणबाट शंकरनगर सामुदायिक वन उपभोक्ता समूहको कार्यालयसम्म प्रभातफेरी सम्पन्न भएको थियो। प्रभातफेरीपश्चात् एकेडेमीका विद्यार्थी र शंकरनगर वन उपभोक्ता समूहका पदाधिकारीबिच अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो।

स्नातक तहका वनविज्ञानका विद्यार्थीहरूले वन उपभोक्त समूहका अध्यक्ष तथा पदाधिकारीसँग वन व्यवस्थापन, प्रयोग र चुनौतीबारे अन्तर्क्रिया गरेका थिए । कार्यक्रममा बोल्दै शंकरनगर वन उपभोक्ता समूहका अध्यक्ष रवीन्द्र बस्नेतले २०३६ सालमा मासिएको वन सामुदायिक प्रयत्नबाट संरक्षण तथा विस्तार भएको उल्लेख गरे । शंकरनगर वन उपभोक्ता समूहले तिलोत्तमाको वडा नं. १ देखि ४ सम्म सेवा प्रदान गर्ने र ४ हजारभन्दा बढी घरधुरी रहेको उनले बताए । सामुदायिक वनले उपसमूहको रुपमा शंकरनगर वनवाटिका तथा अनुसन्धान केन्द्र सञ्चालन रहेको जानकारी गराउँदै अध्यक्ष बस्नेतले वन डढेलो अहिलेको चुनौती रहेको उल्लेख गरेका थिए।

अन्तर्क्रियामा बोल्दै वन उपभोक्ता समूहका उपाध्यक्ष कमला ज्ञवालीले सामुदायिक वन उपभोक्ता समूहले महिलाको सशक्तिकरण पनि योगदान गरेको बताइन्।

कार्यक्रममा बोल्दै लुम्बिनी इन्टिग्रेटेड एकेडेमीका प्रमुख कार्यकारी अधिकृत पुरन केसीले कक्षामा पढेको विषयलाई प्रत्यक्ष अध्ययन र अवलोकनको लागि अन्तरक्रिया गरिएको बताए।

त्यस्तै बि.एस्सी.फरेस्टीका संयोजक सम्मान न्यौपानेले जलवायु परिवर्तनले खाद्य सुरक्षामा सङ्कट सिर्जना गरेको वर्तमान परिस्थितिमा वनको संरक्षण र व्यवस्थापन जरुरी रहेको बताए। कार्यक्रममा उपभोक्ता समूहका कोषाध्यक्ष भुवन आचार्य, सचिव कालिका अधिकारीको उपस्थिति रहेको थियो । कार्यक्रम एकेडेमीका शैक्षिक संयोजक रामचन्द्र श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो । लुम्बिनी इन्टिग्रेटेड एकेडेमी लुम्बिनी प्रदेशको एकमात्र वन विज्ञान अध्ययन हुने शैक्षिक संस्था हो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सहकारीका गतिविधिबारे सचेत बनौं
-सहकारी कानूनको पालना गरौं।
-गैर सदस्यताहरुसँग आर्थिक कारोबार नगरौं।
-एक परिवारका एक भन्दा बढी सदस्य एकै पटक संचालक समितिमा नबसौं।
-संचालकहरुलाई सहकारीको कर्मचारीको रुपमा नराखौं।
-नियमित रुपमा सहकारी संस्थाको साधारणसभा र लेखापरीक्षण गराऔं।
-सहकारी संस्थाको संचालन तथा कारोबारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं।
-आफ्नो सहकारी संस्थाको गतिविधिबारे सदस्यहरु सचेत बनौं।
सहकारी मूल्य मान्यताको पालना गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com